फोन नं.Tel.No.)
०१-४४५१२४२ (4451242)
फ्याक्स नं.(Fax No.)
०१-४४५०३५६ (01-4450356)

# कागेश्वरी मनोहरा नगरपालिका
## KAGESHWORI MANOHARA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
## कृषि शाखा(Agriculture Section)

डाँछी, काठमाडौं, ( Danchhi, Kathmandu,)
३ नं. प्रदेश, नेपाल (3 No. Province, Nepal)

पत्र सख्या: ०७४।०७५ मिति: २०७४/१२/१२
चलानी नं.:

सुचना ! सूचना !! सूचना !!!

यस कागेश्वोरी मनोहरा नगरपालिकाको कृषि शाखाले कृषि विकास सम्बन्धमा कार्यकम संचालन गर्ने क्रममा मिति २०७४/१०/२१ गते यस नगरपालिका क्षेत्र भित्र रहेका कृषि समूह/सहकारी/कृषि संग सम्बन्धित फर्म हरुलाई दर्ता वा सुचिकृत हुन सूचना प्रकशित गरि, मिति २०७४/११/०९ गते साना सिंचाई निर्माण कार्यक्रम, कृषि सामाग्रीमा(कृषि यन्त्रहरु, सिल्पौलिन प्लास्टिक आदिमा) ५० प्रतिशात अनुदान कार्यक्रम, तालिम संचलान सम्बन्धमा सुचना प्रकाशित गरिएकोमा, उपरोक्त कार्यक्रम हरुको लागि यस नगरपालीका क्षेत्र भित्र रहेका इच्छुक कृषि समूह/सहकारी/कृषि संग सम्बन्धित फर्म हरुलाई यस सूचना प्रकशित भएको मितिले सात दिन भित्र यस कृषि शाखामा दर्ता/सुचीकृत भई आवश्यक कार्यक्रम हरुमा आवदेनको लागि यो सुचना पुनःप्रकाशित गरिएको छ। साथै यसअघि प्रकाशित सुचना हरु यसै सुचना संगै संलग्न गरिएको छ।

अन्य जानकारीको लागि नगरपालीकाको कार्यालय कृषि शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ।

फोन नं.Tel.No.)
०१-४४५१२४२ (4451242)
फ्याक्स नं.(Fax No.)
०१-४४५०३५६ (01-4450356)

# कागेश्वरी मनोहरा नगरपालिका
## KAGESHWORI MANOHARA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
## कृषि शाखा(Agriculture Section)
डाँछी, काठमाडौं, ( Danchhi, Kathmandu,)
३ नं. प्रदेश, नेपाल (3 No. Province, Nepal)

पत्र सख्या: ०७४।०७५ मितिः २०७४/१२/१२
चलानी नं.:

सुचना ! सुचना !! सूचना !!!

राष्ट्रको पुर्नसंरचना पश्चात राष्ट्र संघीयताको कार्यन्वयनको चरणमा गईसकेको अवस्थामा विगतमा जिल्ला कृषि विकास कार्यलयले गर्दै आइरहेका कृषि सम्बन्धि कामकाज स्थानीय निकायमा हस्तान्तरण भईसकेको र कृषि विकासमा कार्यहरु संचालन गर्दा कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीलाइ प्राथमिकतामा राखी कार्य संचालन गर्ने राष्ट्रिय नीति रहेको हुदा, यस नगरपालिका रही विगतमा जिल्ला कृषि विकास कार्यलयमा दर्ता भएका कृषक समूह, डीभिजन सहकरी कार्यलयमा दर्ता भएका कृषि सम्बन्धि कार्यगर्ने सहकारी र साना तथा घरेलु उद्योग कार्यलयमा दर्ता भएका कृषि फर्म/उद्यमी लाइ यस कगेश्वोरी मनोहरा नगरपालिकाको कृषि शाखामा सुचीकृत हुनको लागि हार्दिक अनुरोध गरिन्छ। साथै नयाँ दर्ता हुने समूहले तपशिल बमोजिमको कागजात सहित नया दर्ताको लागि यो सुचना भएको मितिले ०७ दिन भित्र निबेदन दिनुहुन अनुरोध गरिन्छ ।

**साबिकमा सम्बन्धित कार्यालयमा दर्ता भई सुचीकृत हुनको लागि चाहिने आवश्यक कागजातहरु**

१. निबेदन
२. साबिकमा सम्बन्धित कार्यलयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
३. अनुसूचीमा दिइएको ढाचा अनुसार

**अनुसूचीः१**

| नाम(कृषक समूह/सहकरी/कृषि फर्म/उद्यमी) | ठेगाना | स्थापना | सदस्य(कृषक समूह/कृषि सहकारी ) | | | हित कोष |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**नया समूह दर्ताको लागि चाहिने आवश्यक कागजातहरु**

१. समूह दर्ताको लागि समुहको निर्णयको माइनुटको प्रतिलिपि ।
२. अनुसूची :२ अनुसारको आवेदन फारम ।
३. समूहको विधान दुइ प्रति ।
४. पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि ।
५. समूहको छाप ।

फोन नं.Tel.No.)
०१-४४५१२४२ (4451242)
फ्याक्स नं.(Fax No.)
०१-४४५०३५६ (01-4450356)

# कागेश्वरी मनोहरा नगरपालिका
## KAGESHWORI MANOHARA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
## कृषि शाखा(Agriculture Section)
डाँछी, काठमाडौँ, ( Danchhi, Kathmandu,)

३ नं. प्रदेश, नेपाल (3 No. Province, Nepal)

---

पत्र सख्या: ०७४।०७५ मिति: २०७४/१२/१२

चलानी नं.:

सूचना ! सूचना !! सूचना !!!

यस कार्यालयको आ. व. २०७४/७५ को स्वीकृत कार्यक्रम अनुसार विभिन्न कृषि सम्बन्धि फर्म मसिनरी (मिनी टिलर, पावर टिलर, स्प्रयेर, थ्रेसर) तथा टनेल खेतीको लागि सिल्पौलिन प्लास्टिक खरिदमा नेपाल सरकार बढीमा ५० प्रतिशत अनुदानको कार्यक्रम रहेको हुदा, यस नगरपालिका क्षेत्रमा क्रियाशिल कृषक समूह/कृषि सहकारी संस्था तथा कृषि उद्यमी तथा फर्म हरुलाई, यो सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्र तपशील अनुसारको कागजात संलग्न राखी यस कार्यलयमा निवेदन पेश गर्नु हुन यो सुचना प्रकासित गरिएको छ।

कृषि यान्त्रीकरण सम्बन्धि

आवदेन साथ संलग्न गर्नुपर्ने कागजातहरु

क) कृषक समूहको लागि
   १. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सो को प्रमाण पत्रको प्रतिलिपि
   २. यस नगरपालिकामा समुह दर्ताको/सुचिकृत प्रमाण पत्रको प्रतिलिपि
   ३. समुहको निर्णयको प्रतिलिपि

ख) कृषि सहकारी/निजि फर्म/कृषि उद्यमी उपभोक्ताको लागि
   १. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
   २. संस्था नबिकरणको प्रमाणको प्रतिलिपि वा कम्पनि भएमा कम्पनि राजिस्टारको कार्यालयबाट गरिने कम्पनि अध्यावधिक भएको पत्र अनिवार्य पेश गर्नु पर्ने
   ३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि
   ४. गत आ. व. को कर चुक्ताको प्रमाण पत्र
   ५. संस्थाको निर्णयको प्रतिलिपि

पुनश्च:अन्य जानकारीको लागि नगरपालीकाको कार्यालय कृषि शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ।

फोन नं.Tel.No.)
०१-४४५१२४२ (4451242)
फ्याक्स नं.(Fax No.)
०१-४४५०३५६ (01-4450356)

# कागेश्वरी मनोहरा नगरपालिका
## KAGESHWORI MANOHARA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
## कृषि शाखा(Agriculture Section)

डाँछी, काठमाडौँ, ( Danchhi, Kathmandu,)
३ नं. प्रदेश, नेपाल (3 No. Province, Nepal)

पत्र सख्या: ०७४।०७५ — मिति: २०७४/१२/१२

चलानी नं.:

सूचना ! सूचना !! सूचना !!!

यस कार्यालयको आ. व. २०७४/७५ को स्वीकृत कार्यक्रम अनुसार कृषक तथा कृषक उद्यमीको क्षमता अभिबृद्दीको लागि विभिन्न विषयमा(बेमौसमी तरकारी खेती, च्याउ खेती, बालि विमा, मूल्य संृखला, आदि) तालिम कार्यक्रम रहेको हुदा यस नगरपालिका क्षेत्रमा क्रियाशिल कृषक समूह/कृषि सहकारी संस्था तथा कृषि उद्यमी हरुलाई, यो सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्र २० देखि २५ जनाको समूह बनाई तालिम लिन चाहेको विषय उल्लेख गरी यस कार्यलयमा निवेदन पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ।

निबेदनका साथ संलग्न हुनु पर्ने कागजातहरु

१. समूहको/सहकारी/संस्था को निर्णयको प्रतिलिपि
२. तालिम लिने कृषक हरुको विवरण

o/c

पुनश्चः अन्य जानकारीको लागि नगरपालीकाको कार्यालय कृषि शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ।

फोन नं.Tel.No.)
०१-४४५१२४२ (4451242)
फ्याक्स नं.(Fax No.)
०१-४४५०३५६ (01-4450356)

# कागेश्वरी मनोहरा नगरपालिका
## KAGESHWORI MANOHARA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
## कृषि शाखा(Agriculture Section)

डाँछी, काठमाडौं, ( Danchhi, Kathmandu,)
३ नं. प्रदेश, नेपाल (3 No. Province, Nepal)

पत्र सख्या: ०७४।०७५
मिति: २०७४/१२/१२

चलानी नं.:

सूचना ! सूचना !! सूचना !!!

यस कार्यालयको आ. व. २०७४/७५ को स्वीकृत कार्यक्रम अनुसार स्थानीय तहमा कार्यन्वयन हुन सक्ने सामुहिक उपभोगका स-साना सतह सिंचाई प्रणाली संरचनाहरु, वर्षातको पानि जम्मा गर्ने पानि पोखरीहरु, पानि तान्ने विभिन्न साधनहरु को निर्माण तथा मर्मत सम्भारको साथै आधुनिक सिंचाई पानि उपयोग प्रविधीहरुको विकास निर्माण, संचलान तथा मर्मत सम्भार र प्राकृतिक वा अन्य कारणबाट क्षति भएका सिंचाई संरचनाहरुको तत्काल मर्मत सम्भार गरी सिंचाई व्यावस्थापन गर्न साना सिंचाई विशेष कार्यक्रम रहेको हुदा यस नगरपालिकामा क्रियाशिल कृषक समूह/कृषि सहकारी संस्था तथा कृषि उद्यमी हरुलाई, यो सूचना प्रकाशित भएको मितिले एक महिना दिन भित्र यस कार्यलयमा निवेदन पेश गर्नु हुन यो सुचना प्रकासित गरिएको छ।

निबेदनका साथ संलग्न हुनु पर्ने कागजातहरु

१. समूहको/सहकारी/संस्था को निर्णयको प्रतिलिपि
२. निवेदन फारम क), ख) र ग)

पुनश्चः निवेदनको ढाचा र निबेदन फाराम क), ख) र ग) को ढाचा कृषि शाखामा उपलब्ध हुने जानकारी छ। अन्य जानकारीको लागि नगरपालिकाको कार्यालय कृषि शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ।

फोन नं.Tel.No.)
०१-४४५१२४२ (4451242)
फ्याक्स नं.(Fax No.)
०१-४४५०३५६ (01-4450356)

# कागेश्वरी मनोहरा नगरपालिका
## KAGESHWORI MANOHARA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
## कृषि शाखा(Agriculture Section)
डाँछी, काठमाडौं, ( Danchhi, Kathmandu,)

३ नं. प्रदेश, नेपाल (3 No. Province, Nepal)

पत्र सख्या: ०७४।०७५ मितिः २०७४/१२/१२

चलानी नं.:

**साना व्यावसायिक कृषि उत्पादन केन्द्र(पकेट) निर्माणका लागि प्रस्ताब आहान गरिएको सूचना**

कृषि विकास शाखा, कगेश्वोरी-मनोहरा नगरपालिकाको आ. व. २०७४/७५ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन हुन गई रहेको व्यहोरा जानकारी गराउछौं। उक्त कार्यक्रम संचालनको लागि निम्नअनुसार बालि/बस्तुमा पकेट निर्मान गर्न इच्छुक कृषक समूह/सहकारी/ कृषक उद्यमीले कार्यालयबाट निर्धारित ढाचाको आवेदन साथ आवश्यक कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कृषि विकास शाखा, कगेश्वोरी-मनोहरा नगरपालिका कृषि शाखा को कार्यालय थलीमा इच्छुक कृषक समूह/सहकारी/कृषक उद्यमीहरुले आवेदन पेश गर्नु हुन अनुरोध छ ।

| मापदण्डहरु | साना व्यवसयिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम |
|---|---|
| तोकिएको बाली | तरकारी, खाद्यान्न वाली |
| संख्या | २ |
| न्युनतम क्षेत्रफल | २०० रोपनी (खुल्ला ठाउँ), २० रोपनी (प्लास्टिक घरमा) प्रति पकेट |
| संचालन हुने क्षेत्र | कगेश्वोरी-मनोहरा नगरपालिका |
| परियोजनाबाट उपलब्ध हुने सुविधा | चालु अनुदान, उत्पादन प्रविधि सम्वन्धि तालिम, उत्पादन सामग्री सहयोग |
| हुनुपर्ने सेवा सुविधा | सडकको पहुच भएको वा हुन सक्ने<br>सिंचाई को सुविधा भएको वा हुन सक्ने<br>विद्युतको उपलब्धता भएको वा हुन सक्ने<br>तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा एकै करिडोरमा हुनु पर्ने |

संचलान आवेदनका साथ संलग्न हुनु पर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी दर्ताको प्रमाण पत्रको प्रतिलिपि
३. सहकारी, कम्पनि, कृषि उद्यमीको हकमा करचुक्ता प्रमाण पत्रको प्रति लिपितथा स्थायी लेखा नम्बरको प्रतिलिपि
४. जग्गाधनी पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तीमा ५ वर्षको कबुलियतनामा भएको कागजात
५. कृषक समूह/सहकारी/ कम्पनी/कृषि उद्यमीकको पकेटमा आवद्वता सम्बन्धि निर्णयको प्रतिलि
६. गर्न चाहेको कार्यक्रमको प्रस्तावना
७. सम्बन्धिट वडा कार्यलयको सिफारिश

बाकि सुबिधा एवं प्रक्रिया नेपाल सरकार बाट स्वीकृत "साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन कार्यविधि" अनुरुप हुनेछ। विस्तृत जानकारीका लागि कृषि विकास शाखा, कगेश्वोरी-मनोहरा नगरपालिकामा सम्पर्क राख्न अनुरोध छ ।

फोन नं.(Tel.No.)
०१-४४५१२४२ (4451242)
फ्याक्स नं.(Fax No.)
०१-४४५०३५६ (01-4450356)

# कागेश्वरी मनोहरा नगरपालिका
## KAGESHWORI MANOHARA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
## कृषि शाखा(Agriculture Section)
### डाँछी, काठमाडौं, ( Danchhi, Kathmandu,)
### ३ नं. प्रदेश, नेपाल (3 No. Province, Nepal)

पत्र संख्या: ०७४।०७५

मिति: २०७४/१२/१२

चलानी नं.:

**व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालन सम्बन्धि सुचना**

कृषि शाखा, कगेश्वोरी-मनोहरा नगरपालिकाको आ. व. २०७४/७५ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालन हुन गई रहेको व्यहोरा जानकारी गराउछौं। आ. ब. २०७३/७४ मा जिल्ला कृषि विकास कार्यलय, काठमाडौंले छनौट अनुसार यस कगेश्वोरी-मनोहरा नगरपालिका अन्तर्गत रहेको सघन आलु खेती हुने क्षेत्रहरु विशेषगरी कगेश्वोरी-मनोहरा नगरपालिकामा आलु खेती हुने क्षेत्र समेट्ने गरी व्यवसायिक कृषि उत्पादन केन्द्र(ब्लक) संचालन गर्नु पर्ने भएकोले उक्त क्षेत्रभित्रका आलु खेती हुने क्षेत्रहरुलाइ समेटी व्यवसायिक कृषि उत्पादन केन्द्र(ब्लक) संचालन गर्नु पर्ने भएकोले यो सुचना प्रकशित भएको मितिले आलु खेती हुने क्षेत्रका कृषक समूह, कृषि सहकारी, आलु खेती गर्ने कृषक हरुलाई समेटी ७ दिन भित्र ब्लक संचालन समिति गठन गरी नगरपालिकाको कृषि शाखामा दर्ता गर्नको लागी आह्वान गरिन्छ।

| मापदण्डहरु | व्यवसयिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम |
|---|---|
| तोकिएको बाली | आलु |
| संख्या | १ |
| न्युनतम क्षेत्रफल | २००० रोपनी/१०० हे. |
| संचालन हुने क्षेत्र | कगेश्वोरी-मनोहरा नगरपालिकाको आलु खेती हुने क्षेत्र |
| परियोजनाबाट उपलब्ध हुने सुबिधा | चालु अनुदान, उत्पादन प्रविधि सम्बन्धि तालिम, उत्पादन सामग्री सहयोग |
| हुनुपर्ने सेवा सुबिधा | सडकको पहुच भएको वा हुन सक्ने<br>सिंचाई को सुबिधा भएको वा हुन सक्ने<br>विधुतको उपलब्धता भएको वा हुन सक्ने<br>तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा एकै करिडोरमा हुनु पर्ने<br>वित्तीय संस्थाहरुको पहुँच भएको वा हुन सक्ने |

निवेदन साथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरु

१) कृषक उद्यमी/कृषक समूह/कृषि सहकारीको प्रस्तावना

२) रु. १० को टिकट टास गरिएको निवेदन

३) कृषक उद्यमी/कृषक समूह/कृषि सहकारीको प्रमाण पत्रको प्रतिलिपि

४) कृषक समूह/कृषि सहकारीको कार्य समितीको निर्णय

५) कार्यक्रम संचालन हुने स्थलको जग्गाको स्वामित्त्व देखिने कागजातहरुको प्रतिलिपि

बाकि सुबिधा एवं प्रक्रिया नेपाल सरकार बाट स्वीकृत "व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालन कार्यविधि" अनुरुप हुनेछ। विस्तृत जानकारीका लागि कृषि विकास शाखा, कगेश्वोरी-मनोहरा नगरपालिकामा सम्पर्क राख्न अनुरोध छ ।